# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चनौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या: २०७९।८०
चलानी नम्बर :
मिति: २०७९।१२।३०

## विषय: निर्देशन सम्बन्धमा ।

**श्री संस्थागत विद्यालय (सबै),**
**शिवराज नगरपालिका, कपिलवस्तु ।**

प्रस्तुत विषयमा विद्यालयलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु विद्यालयको दायित्व हो । शैक्षिक सत्र, २०८० देखि पालिकाका सबै संस्थागत विद्यालयहरुले देहाय बमोजिमको प्रबन्ध गर्नु गराउनु हुन अनुरोध छ ।

१. संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड कार्यबिधि, २०७२ बमोजिम तोकिएको शुल्क सिमाङ्कन, खर्च सिमाङ्कन तथा विद्यालयका न्यूनतम् मापदण्ड लगायतका अन्य तोकिएका प्रावधानहरु कार्यान्वयनको व्यवस्था मिलाउने ।
२. संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड कार्यबिधि, २०७२ बमोजिम तोकिएको विद्यालय व्यवस्थापन समितिबाट शुल्क निर्धारण गरी नगरपालिकामा स्विकृतिका लागि पेश गर्ने ।
३. शिक्षा नियमावली, २०५९ को नियम ४ सँग सम्बन्धित अनुसूचि-३ बमोजिमको **विद्यालय खोल्नका लागि चाहिने पूर्बाधारहरु** पुरा गर्ने गराउने ।
४. विद्यार्थी भर्ना अभियान: बैशाखको १० गतेसम्म सबै विद्यालयहरुले आफ्नो सेवाक्षेत्रभित्र विद्यालय जाने उमेर समूहका कुनै पनि बालबालिका नछुट्ने गरी टोल तथा घरघरमा गई विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने र पूर्ण भर्नाको सूनिश्चितता गर्ने ।
५. विद्यार्थी भर्ना अभियानको साथसाथै बैशाख १० गतेदेखि नियमित पठनपाठन कार्य शुरु गर्ने ।
६. विद्यालय स्तरीय एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली तोकिएको समय मै विद्यालय स्वयंले वा मातृ विद्यालयको सहयोगमा अद्यावधिक गर्ने । तर अनधिकृत व्यक्ति तथा संस्थामा गई नगर्ने ।
७. नगरपालिकाले निर्धारणको शैक्षिक क्यालेण्डर बमोजिम बार्षिक शैक्षणिक योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
८. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरुको अद्यावधिक विवरण तयार गरी कार्यालयमा टाँस गर्ने ।
९. विद्यालय अनिवार्य रुपमा २२० दिन खोल्ने र न्यूनतम २१० दिन पठन पाठन गर्ने ।
१०. विद्यालयमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सन्दर्भ सामग्री हरुको ब्यबस्थापन गरी अधिकतम उपयोग गर्ने ।
११. विद्यालयमा मौजुदा पुस्तकालय विज्ञान प्रयोगशाला र कम्प्युटर प्रयोगलाइ विद्यालय सुधारको लागि उपयोग गर्ने गराउने तथा समयको माग अनुसार विद्यालयलाई सुचना प्रबिधिमा अव्वल राख्न आफ्नो विद्यालयको इमेल एकाउन्ट निर्माण गरी नगरपालिका शिक्षा शाखामा पेश गर्ने र सो को प्रयोग गरी सुचना आदान प्रदान गर्ने ।

पूर्ण बहादुर विश्वकर्मा
उप-सचिव

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np

१२.नगरस्तर र विद्यालय स्तरमा हुने परीक्षालाई ब्यवस्थित र मर्यादित बनाउदै परीक्षाको परीणाम बिश्लेषण गरी सरोकारवालाहरुसँग समिक्षा तथा अन्तर्क्रिया गर्ने गराउने।

१३. विद्यालय सुधार योजनालाई शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने तर्फ केन्द्रित गरी वास्तविकतामा आधारित रही विद्यालय सुधार योजना तयार र अद्यावधिक गर्ने।

१४. विद्यालयमा वालक्लव, जुरेस, विभिन्न समुह सदनहरु गठन गरी वालबालिकाहरुको शिक्षण क्रियाकलापमा क्रियाशिल सहभागिताको सुनिश्चितता गर्ने गराउने तथा साप्ताहिक रुपमा हुने अतिरिक्त क्रियाकलापहरुमा तिनीहरुको परिचालन गर्ने।

१५. विद्यालयमा विद्यालय ब्यबस्थापन समिति, शिक्षक अभिभावक संघ र अभिभावकको संयन्त्र बनाई विद्यालयको नियमित अनुगमन, निरिक्षण तथा सुपरीबेक्षणको व्यवस्था मिलाउने,

१६. विद्यालयसंग सम्बन्धित शिक्षक विद्यार्थी अभिभावकहरुको आचार संहिता सहभागितामुलक ढंगले तयार गरी कार्यान्वयन गर्ने।

१७. सामाजिक परीक्षण तथा अन्तिम लेखा परीक्षण समयमै गरी लेखापरीक्षणबाट औंल्याएका विषयमा सार्वजनिकीकरण गरी वित्तीय अनुशासन कायम गर्ने गराउने,

१८. स्थानीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस आदिमा विद्यार्थीको अन्तरनिहीत प्रतिभाको प्रस्फुटन गराउने खालका सृजनात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने।

१९. एकिकृत तथा निरन्तर विद्यार्थी मूल्यांकन तथा कार्य संञ्चयिकालाई यसको मर्म अनुसार अनिवार्य रुपमा कार्यान्वयन गर्ने गराउने।

२०. विद्यालय परिसर तथा कक्षाकोठामा शैक्षिक प्रेरणामूलक उदगारहरुको लेखन गर्ने,

२१. शिक्षक स्टाफको बैठक प्रत्येक महिनामा बसी शैक्षिक गुणस्तर सुधार तथा अभिवृद्धि सम्बन्धी छलफल गरी प्राप्त निष्कर्ष कार्यान्वयन गर्ने।

२२.विद्यालय परिसरमा वृक्षारोपण तथा फुलवारी निर्माण गरी हराबरा बनाउने कक्षा कोठा तथा विद्यालय हातालाई स्वच्छ र सफा राख्ने।

२३. प्रारंम्भिक वाल शिक्षालाई प्रभावकारी बनाउन वालबिकास केन्द्रहरुको ब्यबस्थापन सुधार गर्ने गराउने।

२४. सबै शिक्षकलाई शिक्षक डायरी उपलब्ध गराई प्रयोग गराउने शिक्षकले शिक्षण गर्न आवश्यक पर्ने सामग्रीको सूची तयार गर्न लगाउने र शैक्षिक सत्रको सुरुमा स्थानिय सामाग्रीहरुको प्रयोग गरी शैक्षिक सामाग्री निर्माण गर्न लगाउने र सामग्री सहितको शिक्षण सिकाइ सहजीकरण सुनिश्चित गर्ने।

२५. प्रत्येक विद्यालयको लेखा प्रणालीलाई व्यवस्थित गर्न जिन्सि किताब, नगदि किताब, भौचरहरुको व्यवस्थापन, बीलहरुको अभिलेखिकरण र दोहोरो लेखा प्रणालीको प्रयोग गरी लेखा प्रणालीलाइ व्यबस्थित गर्ने गराउने।

२६. प्रधानाध्यापकको काम, कर्तब्य र अधिकारको पुर्ण रुपमा पालना गर्ने। नगरशिक्षा शाखाबाट आयोजना हुने बैठक तथा कार्यक्रममा अनिवार्य रुपमा प्रअ नै उपस्थित हुने।

पूर्ण बहादुर बिश्वकर्मा
उप-सचिव

# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्याः २०७९।८०
चलानी नम्बर :
मितिः २०७९।१२।३०

२७. विद्यालयमा विद्यार्थी, शिक्षक तथा कर्मचारीहरु अनिवार्य रुपमा पोशाक लगाई उपस्थित हुने व्यवस्था मिलाउने।

२८. सामुदायिक तथा संस्थागत विद्यालयले बिद्यालय ब्यवस्थापन समिति गठन गर्दा कानुनी व्यवस्था अनुसार समय मै गर्ने।

२९. दैनिक रुपमा विद्यालयको प्राङ्गण, कक्षाकोठा, धारा, शौचालय सरसफाई तथा पानीको ब्यवस्था अनिवार्य गर्ने।

३०. सुचना पार्टी तथा गुनासो पेटीकाको ब्यवस्था गर्ने र गुनासो पेटिका साप्ताहिक रुपमा खोली नियमित गुनासो सुनुवाईको व्यवस्था मिलाउने।

३१. विद्यालय परिसरमा प्लाष्टिक तथा प्लाष्टिक जन्य सामग्री प्रतिबन्ध गर्ने र जङ्कफुड निषेध गर्ने।

३२. शैक्षिक सत्रको सुरुवात मै विद्यालयका कार्यरत शिक्षक तथा कर्मचारीहरुको जिम्मेवारी बाँडफाँड गरी तहगत ईन्चार्ज तथा कक्षा शिक्षक जिम्मेवारी तोक्ने।

३३. नगरस्तरीय शैक्षिक क्यालेण्डर अनुसार प्रत्येक शुक्रवार अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने र नगरस्तरीय अतिरिक्त क्रियकलापमा आफ्ना बालबालिकलाई अनिवार्य रुपमा सहभागी गराउने।

३४. विद्यालयले पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्री, शिक्षक निर्देशिका लगायतका सिकाइ सामग्रीहरु बालबालिकाको रुचि र चाहना अनुकूल सहज र सरल रुपमा उपलब्ध गराउने।

३५. प्रारम्भिक बालकक्षामा खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री व्यवस्था गर्ने र कक्षाकोठामा सजावट गरी आकर्षक तथा मनोरञ्जक कक्षाकोठा व्यवस्थापन गर्ने।

३६. राम्रो सिकाई **(Better Learning)** का लागि राम्रो शिक्षण **(Better Teaching)** र राम्रो शिक्षणका लागि राम्रो विद्यालय **(Better School)** भन्ने अवधारणा अनुकुल सबै विद्यालयले आगामी छ महिनाभित्र गुणस्तर केन्द्रित **( Quality Focused)** विद्यालय सुधार योजना बनाउने वा अध्यावधिक गर्ने र कार्यान्वयनमा लैजाने।

३७. सबै शिक्षकले आवधिक शिक्षण तथा सिकाइ सुधार योजना **(Teaching Learning Improvement Plan TLIP)** निर्माण गरी कार्यान्वयन गर्ने।

३८. "शैक्षिक गुणस्तर सुधारको थालनी कक्षा १ बाट गरौं" भन्ने नाराका साथ तल्ला तहका कक्षहरूको पठन पाठन र ब्यबस्थापनमा विशेष ध्यान दिने।

३९. निरन्तर मूल्यांकन र सुधारात्मक शिक्षणलाई एकै सिक्काका दुइ पाटाको रुपमा विकास गरी विद्यार्थीहरूमा सिकाइ सुनिश्चित गर्ने "सिकाइका लागि मूल्यांकन" भन्ने अवधारणा प्रचलनमा ल्याउने। यसका लागि हाल भएको निरन्तर मूल्यांकन प्रणालीको कार्यप्रक्रिया सुदृढीकरण गर्ने।

४०."हामी सुधार्छौं, हाम्रो सामुदायिक विद्यालय" भन्ने नाराका साथ स्थानीय शिक्षाप्रेमी, शिक्षक, अभिभावक तथा समुदाय परिचालन गर्ने।

२०७९।१२।३०
पूर्ण बहादुर विश्वकर्मा
उप-सचिव


फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np